# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/१२/२५

### सातौं अधिवेशन

### (पन्ध्रौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको पन्ध्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

यस सभाबाट पारित भएको **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** मिति २०७७/१२/२० गते माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय पूर्णा जोशीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ ३ बर्ष पछाडि आज हामीले सदनमा प्राप्त गरेका छौं सर्वप्रथम विधेयक प्रस्तुतकर्ता मन्त्रालय र मन्त्रीज्यूले म धेरै धन्यवाद दिन चाहान्छु । पर्यटन जस्तो महत्वपूर्ण विषय विशेष गरिकन पाहुँनालाई सत्कार गरेर पैसा आर्जन गर्ने एउटा क्षेत्र पर्यटन क्षेत्र अहिले सम्म हामीले सुदूरपश्चिम जस्तो प्राकृतिक सौन्दर्यले भरीपूर्ण प्रदेशलाई पर्याप्त मात्रामा पर्यटकको आकर्षकको प्रदेश बनाउन सकेका छैनौ त्यसैले गर्दा खेरी यसको प्रकृतिकको हामीसँग के के चीजहरु छ त्यसको व्यवस्थापन कसरी गर्ने उपयोग कसरी गर्ने भन्ने कुराहरु समिक्षा हुन जरुरी छ । यो समिक्षा हुने कुराहरु पनि हामीले पर्याप्त मात्रामा तीन बर्षका नीति कार्यक्रम तीन बर्षको बजेटमा गर्न सकेनौ हाम्रो प्रदेश विशेषगरिकन पछिल्लो केही समय र सधैं जस्तो फोहोरको वृद्धि बातावरण प्रदुषण दर अहिले अत्यन्त डरलाग्दो तरिकाले बढीरहेको अवस्था छ । सौन्दर्य हेर्न लायक चिजहरु पनि यो एउटा सौन्दर्यहीन भएको अवस्था छ । हामीले प्राकृतिक रुपमा चाहि बन जंगल इत्यादी हेर्ने हो भने धुलो माटोले एकदमै ढपक्क ढाकेको अवस्था छ यस्तो किसिमको अवस्थालाई हामीले कसरी न्यूनीकरण गर्ने भन्ने खालको कानूनबाटै व्यवस्थापन गर्नुपर्छ त्यसलाई रेघुलेसनबाटै व्यवस्थापन गर्नु पर्छ भन्ने कुराहरु एउटा हो । पर्यटकहरु विशेषगरिकन आफ्नो ठाउँ भन्दा फरक विशेष गरिकन मनोरञ्जन लिन र एकान्त रुपमा रमाउनको लागि आउछन् ठाउँ छोडेर आउछन पर्याप्त मात्रामा पैसा खर्च गर्छन त्यसैबाट हामीले रोजगारीका सृजना गर्न सक्छौ त्यसैबाट हामीले दैनिक जीवनबाट टाढा रहेर कामका निमित्त पुनः फ्रेस हुनका निमित्त गर्न सक्छौ यो कुराहरु हामीसँग पर्याप्त मात्रामा हुदा हुदै पनि त्यसको उपयोग हामीले गर्न सकेको अवस्था छैन । गत तीन बर्षमा हामीले तीन बर्षका बजेटहरुमा विशेष गरिकन सुदूरपश्चिम प्रदेशले के बनायो त भन्दा खेरि सबैले बनाउछन् अब हामीले अन्य प्रदेशमा जादाखेरि पनि तपाईहरुको प्रदेशमा त मन्दीर धेरै बनेका छन् रे पर्यटनको नाममा भन्ने कुराहरु हामीले सुन्छौ यो कुराहरुमा ठुला र पर्यटकीय ठाउँहरुमा हामीले लगानी गरेको भए पर्यटकीय हिसाबले ती ठाउँहरु हुन्थे तर हामीले चाहि एउटा घरका टोलका मन्दीरहरु बनायौ यो कुराहरु हाम्रो तीन बर्षको पर्यटन क्षेत्रको उपलब्धी खास गरिकन यो उपलब्धीमुलक हुन सकेन भन्ने कुराहरु हामीले समिक्षा गर्नुपर्छ जस्तो लाग्छ मलाई अर्को कुराहरु पर्यटन क्षेत्रको प्रष्ट रुपमा हामीले

गुरुयोजना नै बनाएका छैनौ हाम्रा सम्भावना के हुन् ती सम्भावनाहरुलाई हामीले कसरी दोहन गर्न सक्ने हो त्यसमा रोजगारीको अवसरहरु, स्वरोजगारका अवसरहरु कसरी सृजना गर्ने हो भन्ने खालका कुराहरु हामीसँग त्यो गुरुयोजना छैन जस्तो लाग्छ मलाई मैले थाहा पाएको अवस्था छैन त्यसैले गर्दा खेरी यो सुदूरपश्चिम प्रदेशको हामीले चाहि एउटा थिम पार्क निर्माण गर्ने कुराहरु सबै भन्दा पहिला सोच्नु पर्छ जस्तो लाग्छ मलाई हामीले सुदूरपश्चिम गएर के गर्ने भन्दा खेरी हाम्रो शुक्लाफाटा अथवा हाम्रो खप्तड अथवा हाम्रो रामारोशन लगायतका ठाउँहरुमा हामीले थीम पार्क निर्माण गर्न सक्छौ कि सक्दैनौ भन्ने खालको कुराहरुमा हामीले सांकेतिक रुपमा त्यो हेर्न सक्ने ठाउँहरु निर्माण गर्न सक्छौ कि सक्दैनौ त्यस्तै गरिकन यो अभ्यूजमेन्ट पार्कको निर्माण गर्नुस धेरै क्षेत्र धेरै चिजहरु त्यहाभित्र एउटा जु मात्र होईन की एउटा विशाल जू को रुपमा हामीले यो क्षेत्रमा निर्माण गर्न सक्यौ भने यो पर्यटकको लागि स्मार्ट ठाउँ बन्न सक्छ भन्ने कुराहरु मैले राख्न चाहान्छु अर्को कुरा हाम्रो विधेयकले त्यो कल्पना गर्नु पर्छ दफावार छलफलमा पनि समितिमा पनि जाला छलफल होला विज्ञहरुलाई ल्याएर छलफल गर्छौं अर्को कुराहरु पर्यटकीय क्षेत्रमा जाने यातायातको रुपमा हामीले गाडी र हवाइजहाजको मात्रै परिकल्पना गर्या छौ त्यो भन्दा अरु चिजहरुबाट पर्यटकहरु स्वदेशी पर्यटकहरु अथवा आन्तरिक पर्यटक बाह्य पर्यटकहरु रमाउछन् अथवा पर्यटनको एउटा महत्वपूर्ण पार्ट त्यो हो भन्ने कुराहरु हामीले कल्पना गर्या छैनौ जस्तो गाडी घोडाहरु मात्र होईन कि हवाइजहाजको यात्रा भयो ट्रेकिङको यात्राको कुरा भयो जीप लाइनको कुराहरु सर र त्यो चेनबाट तारबाट तल माथि खस्ने कुराहरु केवुलकारको कुराहरु निर्माणको कुराहरु यी कुराहरु हामीले कल्पना गर्या छैनौ हाम्रा कही निर्माण भएका पनि छैनन त्यसैले यी निर्माण हुने पर्याप्त सम्भावना छन् खप्तडको फेदीबाट माथिको डाडासम्म जीपलाई निर्माण गर्ने हो भने त्यो पर्याप्त सम्भावनाहरु छन् जस्तो लाग्छ त्यस्तै गरिकन हाम्रो क्षेत्रहरु हाम्रा पर्यटकीय क्षेत्रहरु जस्तो डडेल्धुरामा अहिले एउटा कस्याधुरा भनेर एउटा त्यहाको स्थानीय पर्यटन नगरपालिका त्यहाको डिभिजन बन कार्यालय मिलेर त्यो सुर्योदयको नगरकोटको भन्दा पनि सुन्दर दृश्यावलोकन गर्ने एउटा सानो ठाउँ निर्माण गर्नु भा छ दैनिक जस्तो १०० जना भन्दा बढी मान्छेहरुले त्यो दृश्यावलोकन गर्नुहुन्छ त्यो सम्भावना यदी हो भने हामीले त्यसको डिजिटल मार्केटिङ गर्ने कुराहरु त्यसको भिडियो ग्राफी बनाउने कुराहरु यी युथहरुलाई परिचालन गरेर हामीले त्यो गर्न सक्या छैनौ त्यसैले त्यो गर्नुपर्छ जस्तो मलाई लाग्छ र यो विधेयकले त्यो संभावनाहरु ल्याउनु पर्छ । अर्कोकुराहरु हस्पिटालिटी डेभलवमेन्ट पर्यटन क्षेत्रको एउटा महत्वपूर्ण कुराहरु हामीले यहाँबाट स्वीजरल्याण्ड गैसकेपछी के हेर्ने भन्दा खेरी त्यहा सबै भन्दा महत्वपूर्ण कुराहरु प्राकृतिक रुपले त सुन्दर छ नै अनि कृतिक रुपले पनि मान्छे मानव निर्मित चिजहरु पनि यति राम्रो बनाको छ र त्यो ठाउँलाई ब्याख्या गर्ने मान्छेहरु त्यो ठाउँ सम्म गायड गर्ने मान्छेहरुको त्यो ठाउँको आतिथ्यता दिने मान्छेहरु सबै कुराहरु यातायातमा काम गर्ने सबै मान्छेहरुले हस्पिटालिटी डेभलवमेन्टको कुराहरु असाध्य सेनसिटिभ तरिकाले उहाहरुले विकास गर्नु भा छ भन्नाले त्यो आतिथ्यता दिने कुराहरु चाहे गाडीमा होस पैसाको कुरा मात्रै होईन उसको व्यवहारका कुराहरुले हामीले कसरी आक्रषण गर्छौं भन्ने कुराहरु हामीले दिन सक्या छैनौ । त्यस्तै हरेक जिल्लामा कम्तीमा २-२ वटा एडभन्चरहरु निर्माण गर्नुपर्ने देखिन्छ यो कुराहरु हामीले चाहि गर्नुपर्छ त्यस्तै अन्तर मन्त्रालय समन्वयका कुराहरु जस्तो पर्यटन विकास पर्यटन क्षेत्रको हामीले विकास गर्नु छ भने बन सँग अनि

त्यहाको कृषिसँग किन भने हामीले स्थानीय खानापिना परिकारहरुको हुनुपर्छ एउटा संस्कृतिसँग जोड्नु पर्छ सामाजिक विकास मन्त्रालय सँग जोड्नुपर्छ स्थानीय संस्कृतिलाई मौलिक संस्कृतिहरुलाई हामीले प्रवर्द्धन गर्नु पर्ने हुन्छ यि कुराहरुलाई हामीले प्रवर्द्धन गर्नुपर्छ भन्ने लाग्छ र मैले थिङ्स टु डु इन धनगढी भनेर एउटा गुगल सर्च गर्नु भो भने के देखाउदो रहेछ भने धनगढीमा हेर्न लायक चिजहरु पर्यटकीय चिज के बनायौ भन्दा खेरि यो चाहि हाम्रो एयरक्राफ्ट र शिवनगरको खानेपानी मात्रै देखाउदो रहेछ त्यसैले यो विडम्बना हो यसैले हाम्रा पर्यटकीय यति धेरै सम्भावना हुदा हुदै यो कुराहरु गर्न हामीले छुटाएका छौ अन्त्यमा मैले जस्तो कर्णालीमा एउटा मात्रै कुराहरु कर्णालीको त्यो पुलहरुमा दोधारा चादनीको पुलमा हामीले लाइटिङको मात्रै व्यवस्था गर्ने हो भने राती त्यो लाईट हेर्नको लागि र कर्णालीमा त्यसको छाया हेर्नको लागि मान्छेहरु कति वइरिन्थे होलान यो कुराहरु हामीले गरेनौ हिउदमा हिउ पर्छ हाम्रो यहा ढपक्कै हिउले ढाग्छ अहिले चाहि गुरास फुलिराख्या छ त्यो क्षेत्रलाई गुरासको क्षेत्र र एउटा हिमपातको क्षेत्र भनेर त्यसलाई एउटा लोकेट गर्ने हो र त्यो ठाउँमा सामान्य पूर्वाधार बनाउने हो भने हामीले प्रसस्त मात्रामा यहानिर भारतको आन्तरिक पर्यटकहामीले ल्याउन सक्छौ त्यसैले गर्दा खेरी रोजगारका अवसर सृजना गर्नको लागि त्यो क्षेत्रको एउटा प्राकृतिक सुन्दरता र आर्टीफिसियल सुन्दरतालाई एउटा राम्रो बनाउनको लागि त्यो क्षेत्रलाई सभ्यता संस्कृति सबै कुराहरुले सुसोचित गर्नको लागि र अर्थतन्त्र बलियो बनाउनको लागि पर्यटन विधेयक महत्वपूर्ण छ । ढीलै भए पनि यो प्रस्तुत भएको छ दफावार छलफलमा पनि यसमा धेरै विद्यानहरुले साथ दिनुहुने छ हामीले बोलाउने छौ र दफावार छलफलको निमित्त यो अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा जाने छ म यसको निमित्त मन्त्रालयलाई धन्यवाद दिन्छु धन्यवाद ।

**माननीय डिल्लीराज पन्त**

सभामुख महोदय सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सदनमा प्रस्तुत भएको छ । स्वभाविक रुपमा ढीलो भएता पनि आएकोमा म मन्त्रालयलाई धन्यवाद दिन चाहान्छु । यो विधेयकले सुदूरपश्चिम प्रदेश र यहाँका जनताको आर्थिकस्तर बढ्ने छ भन्ने विश्वास लिन सकिन्छ । सँग सँगै यो विधेयकले २-३ वटा कुराहरु अरु पनि थप गर्छ हामीहरुकाह्वा पर्यटनका लागि ऐतिहासिक स्थानहरु, पुरातात्विक स्थलहरु, धार्मिकस्थलहरु धेरै छन् पर्याप्त छन् यि सबैको विकास गर्न त सकिन्छ भनै आफ्नो ठाउँमा छ यिनिहरुको सम्बर्द्धन गरेर पनि धेरै कुराहरु लुकेका छन् धेरै ऐतिहासिक कुराहरु लुकेका छन् जसलाई हामी उजागर गर्न सक्छौ त्यसलाई पर्यटकयोग्य बनाउन सक्छौ तालहरु छन् उनिहरुको हामी विकास गर्न सक्छौ र यति मात्रै होईन हामीहरुकोमा सुदूरपश्चिम प्रदेश भनेको एउटा संस्कृतिकको धनी पनि हो हामी संस्कृतिको रुपले पनि हामी पर्यटनको विकास गर्न सकिन्छ र त्यसको सँगसँगै हाम्रो जो संस्कृतिक छ सुदूरपश्चिम प्रदेशको भित्र रहेको जतिपनि हाम्रा सांस्कृतिक परम्पराहरु छन् उनिहरुलाई उजागर गर्ने उनिहरुको सम्बर्द्धन गर्ने र उनिहरुको प्रचार प्रसार गर्ने पनि हामीले सम्भावना पाउँछौ र यसको सब भन्दा पहिला त व्यवस्थापनको पाटो हो व्यवस्थापनको पाटो सबै भन्दा पहिला भौतिक पूर्वाधारहरु हामीहरुले खडा गर्नु पर्ने हुन्छ सडकका कुराहरु आए हस्पिटालिटीका कुराहरु आए ती कुराहरु पनि व्यवस्थापकीय पक्षमा हामीसँग भएका कुराहरुलाई पनि राम्रो सँग समुदायसँग पुर्याउने राम्रोसँग पर्यटनसँग पुर्याउने हामीहरु सँग प्रचार प्रसार पनि भएन त्यसैले केही बर्ष

यता हामीहरु एउटा नयाँ नारा सुन्छौ मलाई खुब राम्रो पनि लाग्छ सुन्दर सुदूरपश्चिम भन्ने एउटा सानो नाराले हामीलाई धेरै सुन्दर बनाइदिएको छ यो पनि एउटा कला हो पर्यटनलाई भित्राउने एउटा कला हो यस्ता कलाहरु धेरै गर्न सकिन्छ एकचोटी म यहाबाट काठमाडौ जादा खेरि १ जना सानो बच्ची कुनै एन्जियोमा काम गर्थिन म सँग बस्दा खेरी उनले के गुनासो गरिनकी तपाईहरुकोतिरका मान्छेहरु बोलीमा अलि रुखो छन् जस्तो लाग्छ भन्ने कुरा उनले गरिन मैले त्यस्तो होइन तपाइ कुनै यस्तो व्यक्तिको फेला पर्नु भा होला तर त्यस्तो छैन हामीहरुका मान्छे सबै मिलनसार छन् भन्ने कुरा गर्दा उहाले केही त स्वीकारिन त भनाईको मतलब के भनेपछि पर्यटन विकास अन्तरगत खाली भौतिक पूर्वाधार खडा गर्ने पर्यटनका सामाग्रीहरु खडा गर्नु भन्दा पनि त्यो पनि सँग सँगै हामीहरु कहाँ आउने पाहुँनाहरु सँग हाम्रो व्यवहार कस्तो हुन्छ त्यो व्यवहारले पनि पर्यटकलाई बढाउने गर्दछ त्यस बाहेक हामी प्रचार प्रसारमा के कमि आयो भने सैपाल हिमालको बारेमा एउटा कुरा मैले भन्नु पर्ने आवश्यक के छ भने पछि सैपाल हिमालमा २ पटक सम्म विदेशी पर्यटकहरु आए उक्लिनका लागि चढ्नका लागि त्यो दुइपटक चढ्न सकेनन तिनिहरु त्यो धेरै सगरमाथा भन्दा ठुलो छैन तर चढ्नलाई अपठ्यारो रहेछ यि यस्ता अपठ्यारा कुराहर जो मान्छेहरु पर्यटनमा धेरै एडभेन्चरका कुराहरु पर्छन् त्यो एडभेन्चरका लागि सैपाल हिमाल धेरै राम्रो पर्यटकीय क्षेत्र हुन सक्छ विदेशीहरुलाई आक्रषित गर्न सक्छ भने यस्ता कुराहरुलाई हामीले उजागर कसरी गर्ने यिनिहरुको प्रचार प्रसार कसरी गर्ने । सम्बन्धीत ठाउँमा यी कुराहरुलाई कसरी पुर्याउने भन्ने हामीहरुको चाहाना हुनुपर्छ एउटा अर्को कुरा म यसैमा उदाहरण दिन चाहान्छु यहिनिर दुधुवा नेशनल पार्क छ यहा भए भरिको स्वदेशी विदेशी पर्यटकहरु आउछन् जान्छन् तर हाम्रो यहिनिर शुक्लाफाटा छ यहानिर किन आउदैनन हो यि कुराहरु हामीले हेर्नु पर्यो यी कुराहरु हामीले हेरेर हामीमा कमी के छ हामीकोमा के कारणले आउदैनन ती कुराहरुलाई यदी हामीले पहिचान गरेर पर्यटन विकासका लागि यि कुराहरुलाई सँगसँगै लगेर जाने हो भने पछि पर्यटनको विकास अवस्य हुन्छ र सब भन्दा पहिला त यो विधेयक सम्बन्धीत ठाउँमा गएर यसको दफावार छलफल हुनुपर्यो । छलफल भएर आउनु पर्यो आइसकेपछि अनि यो पर्यटन भनेको सुदूरपश्चिमको प्रमुख एउटा आयस्रोत हुन सक्छ जनताका लागि पनि सुदूरपश्चिम प्रदेशका लागि पनि यहा धेरै उद्योगहरु मध्ये सबै भन्दा प्रमुख उद्योग यो हुन सक्छ । यहाँ औद्योगिक क्षेत्र आफ्नो ठाउँमा छ तर यो उद्योग भनेको धेरै बहुमुल्य हो म एक दुइवटा अझ उदाहरण दिन चाहान्छु यो गौरीफन्टाबाट तक्लाकोट बौडरसम्म पुग्नलाई हामीलाई २८५ किलोमिटरु मात्रै छ यो लम्बाइ यदी यही बाटोलाई हामीले पर्यटनका रुपमा डेभलव गर्ने हो भनेपछि तीस तीस करोड जनसंख्या भएको उत्तर प्रदेश त्यत्तीकै १५ करोड जनसंख्या भएको उत्तराखण्ड त्यत्तीकै दिल्ली यी तीन वटा ठुलठुला राज्य र प्रमुख राज्यहरु जो हाम्रो सुदूरपश्चिम सँग टासिएका छन् ती का जनतालाई मात्रै आकर्षित गर्ने हो भने पछि यो गौरीफन्टा नाकाले, यो खकरौला नाकाले यो महाकाली करिडोरका नाकाले हामी पर्यटनमा धेरै विकास गर्न सक्छौ यिनको विकास गर्ने यिनिहरुलाई हामीले प्राथमिकतामा राख्ने हो भनेपछि हाम्रो विकास चाडो भन्दा चाडो हुन्छ भन्ने मलाई लाग्छ र यसको सँग सँगै हामीले पर्यटनको सँग सँगै हामीले इतिहासको पनि जगेर्ना गर्नु पर्छ हाम्रो सुदूरपश्चिमको इतिहास के हो यो हामी सुदूरपश्चिम जान्दैनौ काही कुनै किसिमको इतिहास आउदैन काठमाडौको कुनै होटलमा वा सिंहदरबारमा बसेका हाम्रो सुदूरपश्चिमका इतिहास मात्र हामी पढ्दछौ तर हाम्रो यहा इतिहास लेख्ने

कोहि छैन र कुनै कवीको जिवनी कुनै क्रान्तिकारीको जीवनी कुनै राजनितिज्ञको जीवनी पनि आइदिएको भए त्यसले पनि केही इतिहास दिन्थ्यो यहाँ त्यो इतिहासपन छैन हामीले त त्यो इतिहासको पनि जगेर्ना गर्नु पर्ने छ विशेष गरेर यहाँ जो भएका किल्ला फोटहरु छन् यिनिहरुकै जगेर्ना गर्ने हो भने त्यही जगेर्नाले इतिहासको जगेर्ना हुन्छ र कुनै पनि सभ्यताको विकासको लागि उसको संस्कृतिक र उसको इतिहास नै प्रमुख जग भएको हुनाले त्यसको जगेर्ना गर्नु पर्ने हामीले जरुरी हुन्छ र अघि मैले भन्या जस्तो सांकृतिक विकास र ऐतिहासिक विकास यि दुइवटै विकास जगेर्ना गर्न हामीहरुको अस्थित्व सुदूरपश्चिमको अस्थित्वको लागि हुन जरुरी छ भन्ने मलाई लाग्छ र अन्तमा म यो दफावार छलफलका लागि सम्बन्धीत समितिमा जाने नै छ र म सम्बन्धीत मन्त्रालयलाई यो विधेयक ल्याएकोमा धन्यवाद दिदै विदा हुन्छ धन्यवाद ।

**माननीय मान बहादुर धामी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सुदूरपश्चिम प्रदेश स्थापना भैसकेको झण्डै तीन बर्ष पछि यो सदनमा टेबुल भएको छ त्यसको लागि विशेष त उद्योग पर्यटन बन तथा बातावरण मन्त्रीज्यू र सम्पूर्ण मन्त्रालयको परिवारलाई विशेष धन्यवाद दिन चाहान्छु । ढीलै भएपनि यो विधेयक यो सदनमा पेश भएको छ र यसले भोली ऐनको रुपमा ग्रहण गरिसकेपछी सुदूरपश्चिममा पर्यटन सम्बन्धी बन्द रहेका कैयौ ढोकाहरु चाहि खोल्ने छ मैले त्यो विश्वास लिएको छु । कदन कदाचित संघीय सरकारले प्रदेश सरकारलाई एउटा इकाइको रुपमा नबुझ्ने हो भने संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनालाई सबै सरकारहरुले ग्रहण गर्ने हुन भने सुदूरपश्चिम प्रदेश भित्र यो विधेयक पारित भैसकेपछि अपी हिमाल देखि खकरौला सम्मको तराई पहाड र हिमालको समायोजन गरेर जुन पर्यटनका सम्भावनाहरु छन् यी सम्भावनाहरुलाई हामीले देशमा मात्रै होईन विदेशमा पनि यसको प्रचार प्रसार र पाहुँनाहरुलाई भित्राउने यो विधेयकको महत्वपूर्ण भूमिका रहने छ त्यस कारण म यो समितिमा गैसकेपछि यो विधेयकमा दफावार छलफल भएर यहाँका सम्भावनाहरु सदूरपश्चिम प्रदेशमा पर्यटनका सम्भावनाहरु विभिन्न मोडेलका सम्भावनाहरु जो छन् ती सम्भावनाहरुलाई अझै सहज ढंगले सरल ढंगले सुदूरपश्चिम प्रदेशका जनतासामु पुर्याउने र त्यहा मात्र नभएर राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा पुर्याउन सक्ने संरचनाहरु पुर्याउन सक्ने नीतिगत व्यवस्थाहरु गरेर हामीले चाहि यहाँको पर्यटन प्रवर्द्धनलाई चाहि टेवा पुर्याउने यो विधेयकले चाहि मैले विश्वास लिएको छु त्यस कारण यो विधेयक अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा गएर दफावार छलफल हुने छ र छलफलको निश्कर्षको आधारमा यो सुदूरपश्चिमको चाहि पर्यटन प्रवर्द्धनलाई टेवा पुर्याउनको लागि अझै सरल र सहज ढंगले चाहि विधेयक ऐनको रुपमा हामीले प्राप्त गर्ने छौ त्यस कारण माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशका प्राकृतिक देखि लिएर हरेक खालका पर्यटनका सम्भावनाहरुलाई यो विधेयकले चाहि सम्बोधन गर्ने छ र अन्तमा यो विधेयक अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा जुन पठाउने प्रस्ताव आएको छ माननीय सभामुख महोदय मार्फत सम्बन्धीत मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहान्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ एकदम महत्वपूर्ण विधेयक हो ढीलै भए पनि यो विधेयक आएको छ म यसको स्वागत गर्न चाहान्छु

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश एउटा नेपालको एकदमै सुदूरपश्चिम भन्नाले पछाडी पारिएको प्रदेश हो अहिले सम्म सघीय सरकारले यो प्रदेशलाई एउटा सौतेला व्यवहार गरेको हामीले बुझेका थियौ तर चाहि संघीय संरचना अनुसार नेपाल ७ भागमा विभाजन हुदा खेरि हाम्रो सुदूरपश्चिम प्रदेश यो प्रदेशलाई हामीले आफै कसरी चाहि संरक्षण सम्बर्द्धन गर्ने हाम्रो जिम्मेवारी थियो तर यो जिम्मेवारी साहेद मलाई लाग्छ तीन बर्ष सम्म हामीले जिम्मेवारीको निर्वाह गर्न सकेनौ । माननीय सभामुख महोदय हामी विगत बर्षमा हर्षउल्लासका साथ नेपाल पर्यटन बर्ष मनाएका थियौ सुदूरपश्चिम प्रदेश पर्यटन क्षेत्रमा ठुलो आसा भरोसा गरेका थियौ तर उपलब्धी कतै तिर देखिएन किन की हामी पर्यटन भित्राउनै सकेनौ यदी हामीले पर्यटन भित्राउन सकेको भए पक्कै पनि सुदूरपश्चिम प्रदेशको उपलब्धी देखिने नै थियो त्यस कारण पर्यटन क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न अति आवश्यक छ यो हाम्रो सबैको जिम्मेवारी हो । माननीय सभामुख महोदय, प्रदेशको कानून नीति विना पर्यटन असम्भव हुन्छ नेपाल भ्रमण बर्ष मनाइरहदा हामी संघीय शासनमा हाङ्गी बढी विश्वस्थ भयौ प्रदेश सरकारले अहिले सम्म अर्थात तीन बर्ष सम्म उदाहरणीय पर्यटन क्षेत्र पहिचान गर्न सकेको छैन माननीय सभामुख महोदय, हामीले देखेको अनुसार तीन बर्ष सम्म सरकार मन्द गतिले हिडेको देखिएको छ यद्यपी सरकारको यही रबैया रहीरह्यो भने सम्भावित उदाहरणीय र पर्यटन क्षेत्र पहिचान गर्न दशौ बर्ष लाग्न दुइमत छैन माननीय सभामुख महोदय सुदूरपश्चिमलाई अर्थतन्त्रबाट बलियो बनाउनका लागि थुप्रै चाहि सुदूरपश्चिम भित्र पर्यटकस्थलहरु छन् जस्तै म केही पर्यटकीय स्थलहरुको नाम भन्न चाहान्छु तर थुप्रै छन् मलाई त्यतीको नाम पनि थाहा भएन र चाहि कंचनपुरको सिद्धबाबा दर्शनका लागि भारतिय पर्यटक कम्तीमा बार्षिक दशौलाख आउने चाहि गरेका छन् ती पर्यटकहरुको कुनै लेखाजोखा छैन हामीसँग अहिले सम्म तीन बर्ष कटिसक्दा पनि हामीले कुनै लेखाजोखा अहिलेसम्म राख्न सकेका छैनौ यदी लेखाजोखा भैदिएको भए हाम्रो सुदूरपश्चिमको एकदमै आर्थिक उन्नतीबाट माथि उठ्न सक्ने थियो त्यसै गरि शुक्लाफाटा आरक्षक एकदमै यो पनि पर्यटकीय स्थल नै छ यसको अहिले सम्म हामीले कुनै स्तरोनन्ती गर्न सकेका छैनौ यसै गरि दोधारा चादनी पुल पूर्ववक्ता माननीयज्यूले भनेर जानु भएको छ दोधरा चादनी पुल पहिलेको भन्दा पनि भत्किएर गैराखेको छ तीन बर्ष सम्ममा हाम्रो प्रदेश सरकारको त्यहा नजर पुग्न सकेन यदी साहेद प्रदेश सरकारको नजर पुगेको भए थुप्रै चाहि बडरमा छ दोधरा चादनीको पुल जो हामी कर्णाली पुलको लागि त्यहा पर्यटकहरु आउछन् त्यो दोधारा चादनीको लागि पनि साहेद विदेशी पर्यटकहरुको त्यहा घुइचो लाग्ने थियो तर अहिले सम्म प्रदेश सरकारले त्यसको केही पनि गर्न सकेको हामीले देखेका छैनौ कैलालीको बेहडाबाबामा भारतिय पर्यटक कम्तीमा पाच लाख बर्षेनी आउछन् पाच लाख भन्दा बढी नै होलान यही जेष्ठको दशेहेरामा दशौहजार मान्छे त्यहा आइपुग्छन तर चाहि हामी यही धनगढी यही हाम्रो सुदूरपश्चिम प्रदेशको राजधानी भएको ठाउँ मलाई लाग्छ प्रदेश सरकार सँग लेखाजोखा छैन होला तर चाहि अब कमिसनको कुरा आम्दानीको कुरा परै जावस तर लेखाजोखा पनि छैन होला कति आएको भनेर त्यसको हामीले यदी हामीले अर्थतन्त्रको पर्यटक संरक्षण सम्बर्द्धन गर्नु छ भने उहाहरुको लेखाजोखा राख्न जरुरी देखिन्छ । यस्तो स्वदेशी तथा विदेशी खसड रामाशोसनमा लाखौका हिसाबले भ्रमण गर्छन तर त्यहा चाहि होटेलको व्यवस्था छैनन बाटोको एकदमै कठिनाहि छ विदेशीहरुले अन्तराष्ट्रिय पर्यटकहरु चाहेर पनि चाहि पुग्न सकिरहेको अवस्था छैन माननीय सभामुख महोदय यी

पर्यटन क्षेत्रमा भ्रमण गरेको हामी प्रत्यक्ष हेर्न सक्छौ यी त उदाहरण मात्रै हुन अब चाहि हामीले हाम्रो सुदूरपश्चिममा थुप्रै दुरदराजका पर्यटकीय क्षेत्रको पहिचान गरि हामी अगाडी बढ्नु पर्छ माननीय सभामुख महोदय अर्थतन्त्रको सम्भव तब हुन्छ जब हामी दिर्घकालिन सम्म देख्ने गरि कानून बनायौ भने मात्रै हाम्रो हामीले चाहि अर्थतन्त्र हामी माथि उकास्न सक्छौ । यही विचारका साथ यो विधेयक एकदमै महत्वपूर्ण विधेयक हो र चाहि दफावार छलफलका लागि विषयगत समितिमा पठाईयोस धन्यवाद नमस्कार

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु,

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय, पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ माथि छलफलमा भाग लिनु हुने माननीय सदस्यज्यूहरु माननीय पूर्णा कुमारी जोशी, माननीय डिल्लीराज पन्तज्यू, माननीय मानबहादुर धामीज्यू, माननीय मालामति कुमारी रानाज्यूले महत्वपूर्ण सूझावहरु राख्नु भएको छ उहाहरुको सुझाव समितिमा पनि छलफल होला यो सुझावबाट मार्ग निर्देशन गर्ने नै छ र यहा उठान भएका विषयहरु सुदूरपश्चिम प्रदेश सुन्दर भूमि सुन्दर प्रदेश प्राकृतिक रुपले, सांस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र रहेको सुदूरपश्चिम प्रदेशलाई पर्यटकीय गन्तव्यको निर्माण गरि पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरि कसरी अगाडी बढाउन सकिन्छ भन्ने विषय महत्वपूर्ण नै छ र भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने थुप्रै विषयहरु हाम्रा अगाडी छन् र हामीले के कति गर्न सक्यौ के कति बाँकी छन् त्यो फेरी पनि हाम्रा छलफल गर्नु पर्ने कुरामा हामी अगाडी बढ्ने नै छौ अब मुलत आजको महत्वपूर्ण विषय भनेको पर्यटन सम्बन्धी विधेयकको रुपमा सुदूरपश्चिम प्रदेशमा नरहेको सुदूरपश्चिम प्रदेशले पर्यटन सम्बन्धी गर्नु पर्ने कुनै पनि कामहरुलाई अगाडी बढाउदा खेरि हामीलाई नियम कानूनको आवश्यकता पर्ने र पर्यटन व्यवसायसँग काम गरिरहेका व्यक्तिहरु समस्याग्रसित भएका छन् र उहाहरुले नवीकरण पनि गर्न नसकेको अवस्था रहेको छ र नवीकरण गर्न नसकेको हुनाले आर्थिक पनि राजश्व उठ्न सक्ने ठाउँहरु नरहेको यो सबै समस्याका लागि कानून महत्वपूर्ण कुरा रहेको हुनाले विधेयक ल्याएर हामीले कानून निर्माण गर्नुपर्ने आवश्यक ठानेको हुनाले मन्त्रालयको तर्फबाट विधेयकको रुपमा हामीले पेश गरेका छौ र पर्यटकहरुलाई भित्राउने कुरामा पर्यटकहरुलाई गन्तव्यहरुको प्रचार प्रसार गर्नु पर्ने कुरामा यहा उठेका कुराहरु छन् यहाको गुरुयोजना बन्न सकेको छैन ढीला भयो हामीले छिटै गरेका छौ भन्ने होइन तर पनि पर्यटन गुरुयोजना बनाउनका लागि यो बर्ष ठेक्का भैसकेको छ र भिडियोग्राफिका लागि पनि ठेक्का भैसकेको छ यो बर्ष भित्र पर्यटन गुरुयोजना बनाएर यो प्रदेशभरी हाम्रा पर्यटकीय स्थानहरु कहा कति के छन् भनेर हामी सबैको जानकारी मन्त्रालयमा राख्नेगरी हामी त्यो योजनातिर पनि हामी अगाडी बढेका छौ

महत्वपूर्ण खण्ड सुदूरपश्चिमको स्वर्गको टुक्रा खण्डबाट गठन आदेश निर्माण गरेर त्यो क्षेत्रको विकासको लागि रामारोसन क्षेत्रको महत्वपूर्ण विकासको लागि विकास समितिहरु गठन भैसकेका छन् र खण्डको दोस्रो मिनीखण्ड भन्ने बैतडीको ग्वाल्लेकमा रहेको छ त्यसको पनि पूर्वाधार निर्माणका लागि र डडेल्धुराको पनि त्यस्तै ठाउँहरुको यहा मन्त्रालयमा आएको छ हामीले भौतिक पुर्वाधार निर्माण गर्नुपर्ने कुराहरुमा यो प्रदेश सरकारले प्रदेश सभाले निर्देशित गरेका कामहरुमा अगाडी बढ्ने मन्त्रालयको योजना रहेको छ र कानून तपाइहरुका बीचमा आएको हुनाले धेरै कुराहरु बौद्धिक बर्ग, नागरिक समाज र यहाँको व्यवसायी क्षेत्रसँग छलफल गरिकन कानून आउन सक्यो भने हरेक क्षेत्रको रुपमा हामी अगाडी बढ्न सक्छौ भन्ने मन्त्रालयको आशा रहेको छ र यो पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्न सकेनौ भन्ने कुरा उठेको छ पर्यटन बर्ष २०२० लाई संघीय सरकारले संयुक्त रुपमा अगाडी बढाएर यो क्षेत्रको प्रचार प्रसार गरेर भारत चिन देखि अन्तराष्ट्रिय रुपमा बाह्य पर्यटकहरुलाई यो प्रदेशमा भित्राउने आन्तरिक पर्यटकहरुले पनि महत्वपूर्ण योगदान पुर्याउनु पर्ने भन्ने प्रदेश सरकारको योजना रहदा रहदै पनि कोभिड-१९ को कारणले हामी पर्यटनको क्षेत्रमा जान सकेनौ अहिले सबै क्षेत्र धरासाहि भएको हुनाले कानून द्वारा उहाहरुलाई हामीले सहयोग पुर्यायो भने पर्यटनको विकासमा हामी अगाडी बढ्न सक्छौ भन्ने प्रदेश मन्त्रालयको तर्फबाट छ र फेरी पनि मैले महत्वपूर्ण सूझावहरु समेटिएर विधेयक अगाडी बढ्ने छ भन्ने आशाका साथ विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को खण्ड (ख) बमोजिम सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद

**माननीय सदस्यहरु,**

अब म ,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय म प्रदेशको राष्ट्रिय वनसुदूरपश्चि ,सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली १ को उपनियम १०७ को नियम २०७४ , बमोजिम सभामा सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको

मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय दीर्घ बहादुर सोडारीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारले राष्ट्रिय बन ऐन ल्याएको छ । सवा ३ बर्ष पछि हामी यो ऐन संसदमा आएकोमा खुशी नै मान्नु पर्ने छ । मन्त्रालयलाई सरकारलाई धन्यवाद दिन चाहान्छु । सभामुख महोदय, नेपालको बन क्षेत्र करिव ४०.३६ प्रतिशत बन क्षेत्र ओगटेको छ हाम्रो सुदूरपश्चिममा करिब ५६ प्रतिशत बन क्षेत्र बनक्षेत्रले ओगटेको छ । प्राकृतिक स्रोत त्यसमा पनि बन हाम्रा निम्ती अपरिहार्य मानवजातिका निम्ती संसारका जीवजन्तुका निम्ती सबै प्राणीको निम्ती खास गरि अक्सिजन प्रदान गर्ने र अरु धेरैका निम्ती इको सिस्टमका निम्ती सम्पूर्णका निम्ती बन क्षेत्र महत्वपूर्ण क्षेत्र छ यो विना मानवीय कल्पना जीवजन्तुको कल्पना, जीवन र जगतको कल्पना गर्न सकिदैन त्यसो भएर जीवन र जगतका निम्ती पनि वनक्षेत्रको ठुलो महत्व छ । यो कुरा गरिरहदा हाम्रो राष्ट्रिय वन र हामीले राष्ट्रिय वनका कुरा गरिरहदा ०६२-०६३ सालको आन्दोलन त्यो भन्दा अगाडी उठेका आन्दोलनहरु जो आन्दोलनको जगमा खास गरि वन सँग सम्बन्धीत सरोकारवालाहरुले नागरिक क्षेत्रका मान्छेहरुले अरु धेरै मान्छेहरुको जगमा हामीले यो परिवर्तन ल्याइ पुर्यायौ र यो स्रोतलाई कसरी परिचालन गर्नु पर्छ भन्ने कुरा धेरै ठुलो डिभेडको विषय बन्यो र हाम्रो संविधानले यसलाई एकल सुचीका आधारमा खास गरी प्रदेशको एकल सूची प्रदेशको एकल सुची भनेको अनुसूची-६ बमोजिम धारा १९ मा प्रदेश सूचीको राष्ट्रय वन प्रदेश सरकारको प्रदेशको एकल अधिकार भित्र पर्छ तर विडम्वना यो साल यो आर्थिक बर्षको भदौ १३ हाम्रो वन ऐन आयो संघीय वन ऐन जसले हाम्रा एकल अधिकारहरु यो अनुसूची-६ को १९ र हाम्रा साझा अधिकार अनुसारको धारा २३ लाई खरल्याक खुरलुक्कै निलिदिएर सबै चिज माथिबाट केन्द्रीकृत हुनेगरि संघीय वन ऐन आएको छ । यो कसरी यस्तो हुन गयो हुन त अदालतमा विवादीत विषय बनेको छ । प्रदेश २ ले सर्वोच्चमा गाको छ । हाम्रो सर्वोच्चले पनि बेला बेला अनौठा निर्णय गरिरहेको नै छ देखिरहेका छौ तर यस्तो एकल अधिकार क्षेत्रको कुरालाई संघीय वन ऐन जो आयो जो वन ऐन सबै भन्दा पहिला २०४९ आयो, वन नियमावली २०५२ आयो धेरै ढंगले वनका यतिधेरै आकार प्रकारहरु छन् अब नीजिवन, चक्ला वन, संरक्षित वन, निकुञ्ज सरकारद्वारा व्यवस्थित वन, साझेदारी वन, सामुदायिक वन, कबुलियति वन, धार्मिक वन अनेक प्रकारका वनहरु छन् र यो वन स्रोतलाई संसार भरीको लडाइ स्रोत माथिको लडाइ हो । सित युद्धको कुरा गर्नुस वा दोस्रो विश्वयुद्धको कुरा गर्नुस वा अरु सबै युद्धको कुराहरु गर्नुस हामीकहा पनि वन स्रोत यस्तो ठुलो स्रोत हो जो स्रोतको कारणले बेलाबेला धेरै ठुलो छलफल र बहसको विषय बनिरहेको छ र स्रोत माथि कसले कब्जा गर्ने कस्को नियन्त्रण हुने र वनस्रोत माथि कस्को नियन्त्रण कब्जा हुने भन्ने कुरा यो ठुलो छलफलको विषय बनिरहेको छ र हामीले ०६२-०६३ सालको आन्दोलन पछि खास गरि बन स्रोतलाई कसरी उपयोग गर्ने भन्ने बारेमा मैले अघि नै भने प्रदेशलाई दिइयो तर संघ सरकारले त्यो अधिकारलाई सबै उल्टयाएर आफु सँग राखियो वन ऐनको आधारमा आज वन ऐन आइरहेको छ यो वन ऐन यसो हेर्दै छु यसको दफावार छलफल त हामी समितिमा छलफल गर्नेवाला छौ फेरी यसको नयाँ ढंगले आएको जस्तो उकरमाउलो आएको

जस्तो देख्दै छु म दफावार छलफलमा जादिन किन कि सैद्धान्तीक छलफल मात्रै गर्नुपर्ने भा को कारणले सैद्धान्तिक कुरा मात्रै गरिरहेको छु । नेपालको वन यस्तो वन क्षेत्र हो जहा कैलाली कंचनपुर हामी बसिरहेका छौ धनगढीमा हामी संसद भवनमा छलफल गर्दै छौ यो धनगढिको मात्रै होईन बाह्रवन देखि धेरै क्षेत्रका वनहरु २००७ साल भन्दा अगाडी राणा शासनको अन्तिमतिर बेलायतमा पुगे तपाई गौरीफण्टाको यतापट्टिको पुल देख्न सक्नु हुन्छ वा हाम्रो चाहि उतापट्टी कंचनपुरको रेलडण्डी पुरानो माहाकालीको सबै ठाउँमा भित्र भित्र रेलडण्डी छदैछन् त्यो रेलडण्डी नेपालमा रेल चलाउनका निम्ती ल्याइएको थिएन यहाको वन स्रोतलाई लिएर धेरै खासगरि बेलायत र युरोपका धेरै ठुला शहरहरुमा हाम्रो वनस्रोत पुग्यो र त्यो चाहि त्यो धेरै क्षेत्रको बनस्रोत सुदूरपश्चिममा छ ५६ प्रतिशत बनस्रोत छ । गत आर्थिक बर्षको कुरा गर्दा खास गरि जेष्ठ १५ गते संघीय सरकारको बजेट आउदै थियो संघीय सरकारको बजेट आइरहदा बजेटमा देखिदै थियो कि वैज्ञानिक बन व्यवस्थापनका नाममा यो यो कुरा गर्ने हामीले वैज्ञानिक बन व्यवस्थापन गरेर यति यति फाईदा गर्यौं यति यति उपलब्धी गर्यौं यति अरब पैसा छुट्यायौ भनेर पैसा छुट्याइयो र पैसा कार्यान्वयनको दिशामा अगाडी बढ्यो तर त्यसकै बेलुका अर्को आदेश आयो सरकारको तर्फबाट सबै चिज बन्द गरियो यो बैज्ञानिक बन व्यवस्थापनको मोडेल बेठिक भयो दिउसो बजेट राष्ट्रपतिज्यूले पढ्दा प्रश्नै प्रश्नमा आयो पछि फेरी अर्को ढंगले आयो त्यस कारण हामीलाई यसको बारेमा नीति बनाइरहदा खास गरि प्रदेश सरकारले नीति बनाउछ किन भन्दैछु भने हामीले वनको बारेमा नीति बनाइरहदा धनगढीबाट हेरिरहदा कैलालीबाट हेरिरहदा कंचनपुरबाट हेरिरहदा वा दार्चुलाबाट हेरिरहदा हाम्रो सब भन्दा ठुलो स्रोत आज ३३ अरब बजेट हाम्रो आर्थिक बर्षको बजेट चलिरहेको छ अगाडी बढीरहेको छ हामीले राम्ररी व्यवस्थापन गर्ने कसैसँग न माग गरि कैलालीको एउटा मात्रै साझेदारी वनमा एक बर्षको बजेट करिब ३० करोड ४० करोड बजेटको अनुसन्धान त हामी आफैले गरेको अवस्था हो अरु धेरै वनहरुमा अरबको ठुला सामुदायिक वनहरु करोडको एउटै सामुदायिक वनमा बजेटहरु चलिरहेका छन् अरबको तुलनामा चल्ने सम्भावना छ तर हामी त्यसलाई थपक्कै राखेर देखि रहेका छौ हामी ३ सवा ३ बर्ष देखि गणतन्त्रको अहिले तल र माथि अगाडी र पछाडी बसिरहेका छौ तर विडम्वना हाम्रा ती घाटगद्दीका बन कार्यालयका काठ उठाउन सकिराखेका छैनौ जिल्ला बन कार्यालय अगाडको काठ उठाउन सकिराखेका छैनौ यहा सरकल अगाडीका काठ उठाउन सकिराखेका छैनौ ठाउँ ठाउँमा काठहरु थान्को लागेर बसिरहेको छ किन लागेर बसिरह्यो धमिरा लागेर बसिरहेको छ यो कसले बनाउने होला त्यस कारणले यो हाम्रो सरकारले फेरी पनि म फेरी भन्न चाहान्छु कि हाम्रो संविधानले दिएको स्प्रिड अनुसारको बन ऐन आउनु पर्ने हो त्यो आइरहेको छैन । हाम्रो संघीय सरकारले पनि त्यो चेतना हुनुपर्ने छ कि जे संविधानको स्प्रिडमा हामी अगाडी बढ्नु पर्ने छ कि त संविधान संशोधन गरौ संविधानमा सम्पूर्ण अधिकार एकापट्टी दिने तर काम अर्कापट्टी गर्ने कुरा अलि र व्यवस्थापन गर्ने जिम्मा सरकारको हो हाम्रो सरकारको हो धेरै खुट्टा कमाएर बन ऐन ल्याउने हो भने यो पनि घुमि घुमी रुम्जाटार केही हुनेवाला छैन हामी धेरै लागिरहेका छौ अनेक प्रयत्न गरिरहेका छौ तर केहि हुनेवाला जस्तो देखिदैन त्यसो भएको कारणले केही हुने भन्दा माथि उठ्नु पर्छ हामी प्रगतिका निम्ती उन्नतीका निम्ती अगाडी बढ्नु पर्ने छ संभावनाको खेति हामी देख्नु पर्ने छ किन कि

निरासाले केही हुनेवाला छैन त्यो गर्नका निम्ती हामी दफावार छलफल त गर्ने छौ र बनका बहुआयामिक विषयबस्तुलाई ध्यान दिएर बन स्रोत कसरी उपयोग गर्ने कसरी हाम्रो संरक्षणमा जोड्ने बनलाई यो यत्रो स्रोत छ त्यो कुरामा हामी सबैको ध्यान जाने नै छ भन्ने कुरा राख्दै सभामुख महोदय मार्फत सबैको ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको राष्ट्रिय बन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जुन यो गरिमामय सदनमा आएको छ यो स्वागतयोग्य छ म उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय र मन्त्रीजी र उहाँको टीमलाई धन्यवाद दिन चाहान्छु । यो अलि ढीलै आएपनि यो जनताको सरोकारको एकदमै चासोको सुदूरपश्चिममा यो विधेयकमा रहेको छ हाम्रै अर्थिक मामिला मन्त्रालयको बार्षिक बजेट प्रतिबेदनमा कि कुनमा हामीले देख्या थियौ सुदूरपश्चिममा ५९.६०६८ प्रतिशत ५९ प्रतिशत भन्या थियो मैले अहिले भर्खरै माननीयज्यूबाट सुने ५५ आएको छ जे भए पनि यो ५९, ६० को लगभग बन क्षेत्र छ भन्ने अनुमान आकलन रहेको छ ठ्याक्कै यसको तथ्यांक छैन यत्रो वन क्षेत्र भएको तर हाम्रो संविधानले ४० प्रतिशत भए पुग्छ भन्या छ हाम्रो संविधानले ४० प्रतिशत नघटाइकन बन भन्या छ कतिपय विकसित मुलुकमा ४ प्रतिशत मात्रै छ जस्तो चाइना अमेरिकाहरुमा ४ प्रतिशतले मात्रै पनि पुगेको भन्ने छ भने यो वनमा नै आधारित भएर प्रदेश अगाडी बढ्ने कुरा यसको तथ्यांकले पुष्टी गर्दछ त्यसैले वनको यो विधेयक एकदमै जनताको सरोकारको विषय छ । यो बहुदलिय व्यवस्था आइसकेपछि २०४७ सालको संविधानमा टेकेर २०४९ सालमा जुन पहिलो वन ऐन आयो त्यसमा चाहि जनतालाई सहभागि गराएर वन संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्ने तीन वटा कुरा संरक्षण गर्ने, सम्वर्द्धन गर्ने र सदुपयोग गर्ने भन्या छ त्यसले सामुदायिक वनको संगठनको विस्तार गर्यो र अन्तराष्ट्रिय जगतले पनि के स्वीकार गर्या छ भने नेपालमा कुनै कार्यक्रम सफल कार्यक्रम छ भने टपमोस्ट एकदमै माथिल्लो तहमा सफल भएको सामुदायिक बनको कार्यक्रम भनेर अन्तराष्ट्रिय दातृसंस्थाहरुको मुल्यांकनले पनि भन्दछ । सामुदायिक वनहरुको छातासंगठन पनि छ र उहाहरुले संरक्षण नगरेको भए वनको हालत के हुन्थ्यो भनेर परिकल्पना गर्न पनि मान्छे हिचकिचाउछन् यदि सामुदायिक वन वीचमा चाहि राजनितिक द्वन्दहरु आए राजनितिक अस्थिरताहरु आए युद्धहरु भए त्यतिबेला पनि जनताले नै वन बचायो राज्यको उपस्थिति जहा थिएन सेना प्रहरी समेत थिएन वनको कर्मचारी त कति टाढा थिए कोषौ टाढा थिए त्यतिवेला वनहरु मासिने तस्करहरुको आखा गाडिया थियो त्यतिवेला जनताले आफै संरक्षण गरे वन आफै अगाडी उभिए जनताले आफुले केही नपाएर सुको पैसा नपाएर पनि वनको संरक्षण गरेर संगठित रुपमा त्यो पनि सामुदायिक वनहरु बनाएका छन् त्यसमा सुदूरपश्चिम पनि अग्रीणी स्थानमा छ र वन संरक्षण गरेको छ त्यसैले वनको क्षेत्र बढेको हो अब कुरा यहा के आउछ भने जुन यो विधेयक आएको छ यसमा सैद्धान्तिक कुरा गर्दा खेरि यो परम्परागत ढंगको मात्रै कपिपेस्टको रुपमा आएको छ यसलाई नितान्त पुरै समय सापेक्ष जनतालाई सहयोग हुने गरि जनताले संरक्षण सम्वर्द्धन र सदुपयोग हुने गरि यो कानूनलाई बनाउनु पर्ने देखिन्छ मैले यो विषयमा धेरै चोटी मन्त्रीजीलाई पनि सुझाव दिएको छु

मन्त्रालयमा पनि भनेको छु र यो गरिमामय सदनमा म सभामुख मार्फत अनुरोध गर्न चाहान्छु यो विधेयकलाई गम्भिरता पूर्वक लिइयोस हामीले उद्योग खोल्नु पर्यो भने उदाहरणको लागि ५ किलोमिटर भन्ने राखिदिया छौ अब त्यो जमानामा राणा शासनमा होला यो ५ किलोमिटर मात्रै किन राख्यो भने मान्छेले बोकेर काठको गोलिया वा बयल गाडामा लैजादा ५ किलोमिटर भन्दा पर लग्न नसक्ला चोरी नगर्ला भनेर होला ५ किलोमिटर दुरी मात्रै उद्योग खोल्न पाइने भनेर लेख्या छ अब त्यही कानून छ प्रचलित भनेर यहा आइदियो अब त्यो ५ किलोमिटर अहिलेको जमानामा के के छ साधनहरु जहाजले उठाइदिन्छ टिप्परले, हेलिकप्टरले, डोजरले काठमाडौ पुर्याइदिन्छ एकै दिनमा चोरी नै गर्ने हो भने त्यसका लागि त नयाँ व्यवस्था हुनुपर्यो नी त्यही ५ किलोमिटर राखिराखे कहि पनि उद्योग खोल्दैनन अहिले यहाका जति कैलाली कंचनपुर र सुदूरपश्चिमका उद्योग छन् सबै अवैधानिक छन् किलोमिटर कसरी पुगाउनु हुन्छ भनेको मोटरसाइकलमा घुमेर ३-४ फन्को लगाए ५ किलोमिटर पुग्यो भनेर लेखेर दिया छ कुन उद्योग छ वन भन्दा ५ किलोमिटर मलाइ भनिदिनुस कुन इट्टा भट्ट छ, कुन सहमिल छ त धनगढीका सहमील ल भनिदिनुस ५ किलोमिटर कहानिर पुग्छ पुग्दैन त्यसैले यो अवैधानिक काम किन सरकार गर्ने जति किलोमिटर हो त्यो लेख्ने या त त्यो किलोमिटर नै राख्नु भएन आफ्नो दर्ता जग्गामा आफ्नो स्वामित्वको जग्गामा मान्छेले उद्योग गर्न नपाउने भन्ने कानून पनि बनाउन पाइन्छ भने २१औं सताब्दीमा यो राणाकालिन कानूनलाई किन हामी निरन्तरता दिइराछौ मैले बुझ्नै सकेको छैन मैले यसलाइ उद्योगै खोल्न बार हाल्नु पर्यो नि त हामीले छेकवार गर्नु पर्यो चौकीदार राख्नु पर्यो बन्दुक छन् हामीसँग बनमा त झन सशस्त्र बन रक्षक राखेका छौ त्यो बढाउनु पर्यो त्यो उद्योग जनतालाई खोल्न किन नदिने यो अचम्मको कानूनलाई हामी सधै निरन्तरता दिने हो भने यो कानून बनाउनुको कुनै अर्थ छैन यो जनविरोधी कानून हुन्छ त्यसैले यो सैद्धान्तिक बहसमा एक नम्बर उदाहरणको लागि मैले भन्या हो यो चाहि दुरी सुरी कुरा नराखौ यो दुरीलाई हटाउन म माननीय सभामुख मार्फत माननीय मन्त्रीजी लगायत मन्त्रालयलाई अनुरोध गर्दछु त्यस्तै प्रकारले जडिबुटीको कुरा छ सुदूरपश्चिममा जरिबुटी के हो भन्ने पहिचान छैन सबै जडिबुटी तस्करी भैराछ भारतमा अवैधानिक ढंगले गैराछ १ रुपैया कुटकीको लिने भन्या छ किलोमा कुन जमानामा होला १ रुपैया अहिले त १ रुपैया भन्ने नोटै पनि देखिदैन सिक्का चल्दैन १ रुपैया डेढ रुपैया राजश्व लिने कुटकीको सतावरीको झ्याउको भन्छ त्यो तोकिदिया छ ऐनमा अब त्यस्तो पनि राजश्व हुन्छ पहिचान नै छैन जडिबुटीको पहिला त पहिचान गर्नु पर्यो अनुसन्धान गर्नु पर्यो कुन जडिबुटी के मा त्यसको प्रशोधन गर्नु पर्यो हामीले त्यसपछि खुला बजारमा विक्रि गर्नु पर्यो । लिसोकै कुरा लिसो कति महंगो छ हामी चाहि कौडीको भाउमा चाहि खोटोलाई विक्रि गरिरहेका छौ यार्सागुम्बाकै कुरा यि तमाम महत्वपूर्ण र महंगा जडिबुटीहरुको विषयमा हामीलाई मुल्य पनि थाहा छैन जडिबुटीको महत्व पनि थाहा छैन यो बन ऐनले यो आकर्षित हुन्छ । त्यस्तै प्रकारले यो वन ऐन अघि चर्चामा आइसक्यो हाम्रो राष्ट्रिय वन एकल अधिकार भित्र हो संविधानको एकल अधिकार यो अनुसूची-६ को बुदा नं.१९ सबैले हेर्न सक्छन एकल अधिकार भित्र राष्ट्रिय बन प्रदेशको अधिकार भित्र पर्छ तै पनि अहिले खडा ढलापडा लिनलाइ संघीय सरकारको अनुमति लिने भन्ने टाइपको हाम्रै प्रदेशको मन्त्रालयले त्यसलाई केरकार गरेर त्यो दफा झिकिदिन्छ यो के हो त विधेयक यहा गरिमामय सदनमा आउनु भन्दा पहिले

नै अपांग बनाएर विधेयकलाई जनताले सदुपयोगै गर्न नपाउने हो भने जनताले संरक्षण किन गर्ने त संरक्षण मात्रै गर्ने भन्ने होइननी त सदुपयोग गर्न पाउनु पर्यो नी सदुपयोग भन्ने कानून अनुसार या त चोरी हुनु पर्यो अहिले चोरीको काठ बजारमा छ्यापछ्याप्ती छ सरकारी विल्डिङहरु चोरीको काठबाट बन्दै छन् किन भने हामी काठ विक्रि नै गर्दैनौ काठ त हामी सबै बन्द गरिदियौ एउटा सानो कुनै कुरामा कुरा मिलेन भनेर सारा काठहरु स्टप छ बन्द छ या त विदेशबाट मगाएको काठ हुनुपर्यो मलेसियाको साल त्यो सिजिन गरेको कुकाठ हो कुकाठलाई सिजिन भनेको एउटा मसिनमा हालेर बनाइएको साल जस्तै काठले हामी यहा सुदूरपश्चिममा पनि आयात गरिराखेका छौ वा बायोडोर, सीसाहरु एल्मुनियमहरु यो सबै पर्यावरण विगारेरै बन्छ प्लाइउड, सीसा, एल्मुनियम काठ मात्रै काट्न किन नहुने काठ भनेको त खेति प्रणाली हो भूमि रह्यो भने जंगल त उम्रिन्छ नि खेति जस्तै हो नि गहुँ काट्ने जस्ते जंगल पनि काटेर प्रयोग गर्ने फेरी उमार्ने फेरी काट्ने ठिक छ कुनैको १०० बर्ष आयु होला कुनैको ६० बर्ष आयु होला कुनै ३ बर्षमा होला कुनै १० बर्षमा होला विरुवा त्यो त्यही प्रकारको उमार्ने हो र त्यही प्रयोग पनि गर्ने हो यो प्रयोग नै गर्न नपाउने हातै लाउन नहुने हाम्रो राष्ट्रिय बनमा तर विदेशबाट मजाले मगाउन हुने कमिसन खान हुने हैन काठमाडौबाट जहाजमै मगाउनु पर्ने यस्तो अवस्थाको अन्त्यका लागि पनि यो विधेयक ठिक छ उपयुक्त समयमा आएको छ यसमा गहन छलफल र अध्ययन गरेर उपयुक्त जनताको पक्षमा प्रदेशको समृद्धिको पक्षमा बनमा आधारित उद्योगहरु संचालन गर्ने कुराको पक्षमा र जनताले राम्रो कानून बनाए भन्ने हिसाबले स्वीकार गरुन भन्ने हिसाबले यो बन विधेयक छलफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा गैसकेपछि सरोकारवालाहरुको बीचमा छलफल हुने छ र यसलाई नमूनाको रुपमा यो राष्ट्रय बन विधेयक पारित हुने छ भन्ने आशाका साथ पुनः धन्यवाद मन्त्रालयलाई भन्दै विदा हुन्छु धन्यवाद ।

**अम्बी कुमारी थापा**

माननीय सभामुखज्यू सुदूरपश्चिम प्रदेश राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ माथि सामान्य छलफल गर्न गइराखेका छौ । यो विधेयक ढीलै भए पनि प्रदेश सभामा छलफलका लागि ल्याइएको छ त्यसैले म सम्बन्धीत मन्त्रालयलाई र मन्त्रीलाई धन्यवाद दिन चाहान्छु । हरियो वन नेपालको धन भन्ने अभिव्यक्तिलाई मध्यनजर गर्दै वन भनेको हामी मानव जीवनका लागि महत्वपूर्ण विषयबस्तु हो भन्ने कुरा हामी सबैले बुझेका छौ त्यसैले अहिले बातावरण प्रदुषण भैराखेको बेला अहिले हाम्रो नेपालमा बातावरण प्रदुषण भएर थुप्रै रोगहरु निम्तिरहेको बेला बनलाई कसरी हामीले सुरक्षित राख्न सक्छौ र बनलाई कसरी व्यवस्थापन गरेर बातावरण प्रदुषणलाई रोक्न सक्छौ भन्ने कुरा पनि यो विधेयकमा महत्वपूर्ण विषयका रुपमा रहने छ भन्ने कुराहरु मलाई महसुस भएको छ । मानव जीवनका साथै बनलाई संरक्षण गर्नका लागि र नीजि वन, सामुदायिक वन र चाक्ला वन थुप्रै वनहरु मार्फत वनमा भैरहेको अतिक्रमण वनमा अतिक्रमण भैरहेको छ थुप्रै ठाउँमा वन अतिक्रमण गरेर नीजि घरहरु र नीजि आफ्ना जग्गाहरु संचालन भैरहेका छन् र त्यसलाई पनि कसरी हामीले व्यवस्थित गरेर कसरी व्यवस्थापन गरेर हामीले अगाडी लैजानु पर्छ र वनको क्षेत्रलाई कसरी हामीले वनमा देखाउनु पर्छ र वनलाई कसरी संरक्षण गर्नु पर्छ भन्ने कुराहरु महत्वपूर्ण रहेको छ हामी वन माथि छलफल गर्दै

गर्दा मलाई एउटा कुरा भन्न मन लाग्यो हामीले प्रदेशको राजधानी घोषणा गर्दै गर्दा हामीले गोदावरीमा राजधानी राख्दै गर्दा हामीले विरोध पनि गरेका थियौ त्यो विरोध गर्नाको कारण एउटा मात्रै थियो हाम्रो त्यहा वन विनास हुन्छ र वन विनास भएपछि बातावरण प्रदुषण हुन्छ र त्यहाका बन्यजन्तु र हामी मानिसलाई पनि प्रभाव पार्छ भन्ने कुराहरु महसुस गरेर एउटा प्रदेशको राजधानी घोषणा गर्दा खेरि हामीले विरोध गरेका थियौ त्यो कुरा मलाई भन्न मन लाग्यो किन भन्न मन लाग्यो भने अहिले हामीले बातावरण प्रदुषण गर्दै गर्दा बातावरण प्रदुषण भएको अवस्थामा थुप्रै खालका आगजनी भएको छ थुप्रै वनहरु आग लागेका छन् वैज्ञानिक वनका नाममा पनि थुप्रै वनहरुमा अव्यवस्थित ढंगले काठ तस्करी भैरहेका छन् र हामीले त्यो यो विधेयकमा नआएको भएर हामीले व्यवस्थापन गर्न नसकेको होला तर अब त्यसलाई कसरी व्यवस्थापन गरेर लैजानु पर्छ र वैज्ञानिक वन आफ्नो प्रकारले ठिक होला तर मैले बुझेको अनुसार वैज्ञानिक वन लागु गर्नुका साथै कसरी व्यवस्थित गरेर लैजानु पर्छ भन्ने उद्देश्य हामीले राखेनौ भने भोलीका आउने भावि पिडीलाई पनि र मानवजातिलाई पनि थुप्रै मानव जीवनमा हुने असरहरु देखा पर्न सक्छन भन्ने कुराहरु हामीले महसुस गरेका छौ । थुप्रै ठाउँमा बन विनास हुदै गर्दा पानीका स्रोतहरु सुक्दै गैराखेका छन् र बन्यजन्तुको विनास भैरहेको छ आगलागीले गर्दा वन्यजन्तुहरु बस्ने ठाउँ नभएकोले वन्यजन्तुहरुले थुप्रै मानिसहरुलाई आक्रमण गरिरहेका छन् मानिसहरुलाई आक्रमण गर्नाको कारण वन्यजन्तुले आफ्नो आहारा पुरा नगरेर वन विनास भएको कारणले गर्दा मानिसहरुलाई आक्रमण गरिरहेको कुरा हामीले बुझ्नु पर्ने छ त्यसैले यो विधेयक सैद्धान्तिक छलफलका लागि सम्बन्धीत समितिमा जाने नै छ अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा जाने नै छ यसको दफावार छलफलका लागि सम्बन्धीत समितिमा गएर दफावार छलफल त हुने नै छ र त्यस भन्दा पहिला हामीले विज्ञहरुलाई बोलाएर यो वन सम्बन्धी अध्ययन गरेकार विज्ञहरुलाई बोलाएर त्यो सम्बन्धीत समितिमा छलफल गर्नु जरुरी देखिराखेका छौ त्यसैले वनलाई संरक्षण गर्नका लागि र वनलाई व्यवस्थित गर्नका लागि हामी सबैले एक रुपमा एकता भएर यो विधेयकलाई सहि ढंगले सदुपयोग गरेर अगाडी लैजानु पर्छ भन्ने कुराहरु म भन्न चाहान्छु र ढीलै भए पनि यो विधेयक आयो र एउटा हाम्रो सदनमा छलफलका लागि प्रस्तुत भएको छ यसको लागि सम्बन्धीत मन्त्रालयलाई धन्यवाद दिदै विदा हुन्छु धन्यवाद नमस्कार ।

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय, राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यो गरिमामय सदनमा टेबुल भएको छ म यो विधेयक महत्वपूर्ण विधेयक अलि समयको हिसाबले ढीलै भएता पनि उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय माननीय मन्त्रीज्यूले टेबुल गर्नुभाको छ म धन्यवाद दिन चाहान्छु यो विधेयकको स्वागत गर्न चाहान्छु । भनिन्छ एउटा नारा छ पहिला राष्ट्रिय वन नेपालको धन भनिन्थ्यो त्यस पछि बन चाहि एउटा महत्वपूर्ण क्षेत्र हो स्रोतको एउटा प्रमुख क्षेत्र भन्ने महसुस गर्दै हरियो वन नेपालको धन बनलाई जोगाऔ भन्ने अभियान संचालन गरेका थियौ त्यसो भएको भएर यो हरियो वन सुदूरपश्चिमको धन भन्ने धेयका साथ यो विधेयक निर्माण भएको हुनुपर्छ भन्ने मेरो यसमा अपेक्षा छ धेरै कुराहरु पूर्ववक्ता माननीयज्यूहरुले पनि केही कुराहरु भनिसक्नु भा को छ । अहिले

वनका नाममा विभिन्न प्रकारका वनहरु छन् ती वनहरुलाई चाहि हामीले एउटा स्पष्ट सरकारको वन नीतिले चाहि यी वनहरुलाई व्यवस्थित गर्न सकिराखेको अवस्था छैन । सुदूरपश्चिमकै हकमा हेर्ने हो भने ५९ प्रतिशत भू-भाग वनले ओगटेको छ तर वनमा वनबाट हामीलाई हुने आम्दानीको स्रोत भनेको एउटा प्रमुख स्रोत भनेको वन जंगल हो यसलाई हामीले व्यवस्थित गर्न सकिराखेका छैनौ कतिपय हिजोका दिनमा वैज्ञानिक वनका नाममा वनको निकै ठुलो सत्यनास भएको छ र अहिले पनि कतिपय विभिन्न खाने वनका बहानाहरु छन् सामुदायिक वनका कुरा गरेका छन् वनका उपभोक्ताहरु वनका समितिका कुराहरु र वनमा काम गर्ने कर्मचारीहरुले नै यसमा बदमासि गरिराखेका छन् भन्ने कुराहरु आएको छ । विभिन्न अनुगमनहरु गर्छन् समितिका अनुगमनहरु छन् प्रतिबेदनहरु प्रस्तुत भएका छन् । मन्त्रालयलाई सूझावहरु दिएका छन् तर अघि पूर्ववक्ता माननीयज्यूले भनेझै यो वन भनेको प्रदेशको एकल सूचीमा भएको वनलाई पनि अहिले सम्म पनि हामीले एउटा स्पष्ट कानून ल्याएर यसलाई व्यवस्थित गर्न नसक्नु भनेको एउटा विडम्वना हो त्यसो भएको भएर यसलाई मध्यनजर गर्दै वनमा भएका विकृतिहरु, विसंगतिहरु थुप्रै खालकाहरु छन् वन माफियाहरुलाई तह लाउने कुराहरु र बास्तविक उपभोक्ताहरुले न्याय पाउने र सुविधा पाउने कुराहरु चाहि वन विधेयकले व्यवस्था गर्नु पर्छ भन्ने मलाई लाग्छ एउटा कुरा त वन जोगाउने कुरा महत्वपूर्ण छ भने अर्कोतिर यि बदमासिहरु जुन बनमाराहरु छन् यि बनमाराहरुलाई चाहि कानूनी हिसाबले तह लगाउने हिसाबले यो विधेयकले त्यसमा महत्वपूर्ण भूमिका खेल्नु पर्छ भन्ने मलाई लाग्छ । हुन त यसमा अब अहिले आएको ड्राफ्ट छ यो ड्राफ्टमा हिजोकै भैराखेका गरिराखेका बनिराखेका कानूनहरुलाई अलिकति आधार मानेर आएको जस्तो लाग्छ तर अहिलेको परिस्थिति अहिलेको बास्तविक समस्याहरु के हो अब हाम्रो मुख्य स्रोतको आधार भनेको एउटा बन हो भने यसलाई व्यवस्थित गर्नको लागि हामीले बनाएको कानूनले सहज रुपमा कसरी गलत गर्ने मान्छेलाई कानूनको दायरामा ल्याउन सक्छौ र वनको धेरै भन्दा उपभोग गर्ने कुरा र हाम्रो एउटा स्रोत साधन कसरी बनाउन सक्छौ भन्ने कुराहरु यो प्रत्येक दफाहरुमा छलफल गरेर कतिपय कुराहरु चाहि संशोधन गर्नुपर्ने कुराहरु होला थप गर्नुपर्ने कुराहोला, घटाउनु पर्ने कुराहरु होला यस्ता कुराहरु चाहि प्राकृतिक स्रोत समितिले यसमा चाहि विशेष गरेर छलफल गर्दा खेरी विज्ञहरुलाई बन माफियाका विज्ञहरु होइन कि वन जोगाउनको लागि जो वनलाई कसरी राम्रो बनाउन सकिन्छ भनेर वनकै विषयमा अध्ययन गरेका विज्ञहरुलाई यहा उपस्थित गराएर छलफल गरेर यो दफाहरुमा विशेष गरेर छलफल गरेर यो विधेयकलाई चाहि पूर्ण रुप दिनु हुने छ भन्ने मैले विश्वास गरेको छु र मेरो सूझाव पनि छ यी वन माफियाहरुलाई तह लाउनको लागि र वनलाई चाहि महत्वपूर्ण एउटा हाम्रो स्रोतको साधन एउटा महत्वपूर्ण भएको भएर उपभोक्ताहरुले अहिले सम्म न्याय पाएका छैनन । विशेष गरेर वनमा भएका कुराहरु ढलोपडो काठहरु छ यो काठहरु वनमै सडेगलेका छन् यहा भएका महत्वपूर्ण एकदमै राम्रा राम्रा काठहरु चाहि तस्करी गरेर ठुलाबडा मान्छेहरुले त्यसको उपभोग गरिराखेको अवस्था चाहि देखिन्छ त्यसो भएर यसमा पनि यो ढलोपडो कु-काठ छ यो काम नलाग्ने कुराहरु छन् उपभोक्ताले उपभोग गर्दा खेरी त्यसको जुनबाट लाभ लिन सक्छन त्यो विषयमा पनि अलिकति सोच्नु पर्छ सोचिनु पर्छ यो सम्बन्धी पनि कुनै दफाले सम्बोधन गर्नु पर्छ र कतिपय कुराहरु अहिले तस्करी भैराखेका कुराहरु छन् विभिन्न बहानामा तस्करी भैराखेका छन् स्रोत र शक्तिको प्रयोग

गरेर चाहि जुन खालको विकृतिकहरु आइराखेको छ यसलाई नियन्त्रण गर्नको लागि यो विधेयकले महत्वपूर्ण कुराहरु चाहि यहा समावेश गर्ने छ भन्ने मैले अपेक्षा गरेको छु । अहिले अतिक्रमण गर्ने कुराहरु अहिले एकदमै ठुलो समस्याको रुपमा आएको छ यो अतिक्रमण गर्ने भनेको ठुला बडाहरुले जो गरिव छन् उनिहरुको त्यहा पहुँच नै पुगेको छैन गरिबले वनको एउटा सामान्य ढलेको स्याउला र काठहरु ल्याउन पाउदैन त्यहा सुकेको काठहरु ल्याउन पाउदैन तर जो पावरमा छन् जो शक्तिमा छन् ठुलावडाहरुले चाहि अतिक्रमण गरेर ठुलो लाभ त्यहाबाट लिइराखेको अवस्था छ । गरिव मर्कामा परिराखेको अवस्था छ । सुकुम्बासिहरुले त्यहा एउटा पाइलो समेत टेक्न नपाएको अवस्था छ ठुलावडाहरुले यसमा ठुलो यसमा हस्तक्षप भैराखेको छ त्यो कुरालाई पनि यसले नियन्त्रण गरोस भन्ने कुरा मैले राख्न चाहान्छु । अर्को कुरा चाहि अहिले सडकमा विकासको नाममा अहिले जुन सडक निर्माण भैराखेका छन् कतिपय महत्वपूर्ण राष्ट्रिय वनहरुमा कुनै पनि कसैको पनि सूचना विना जसको पावर र पहुच छ ती व्यक्तिहरुले त्यहा सडकहरु निर्माण भैराखेका छन् ठुला ठुला राम्रा राम्रा सालका रुखहरु चाहि त्यहा सत्यानास भएका छन् तर जहा चाहि उपयुक्त छ जहा जनताको पहुच पुगेको छैन त्यो ठाउँमा सडक लिनु पर्छ भनेपछि त्यहा चाहि जो गरिवको बस्तीमा सडक लिदा खेरि त्यहा चाहि अनुमति पाइराखेको अवस्था छैन त्यसो भएकोले यसको लागि पनि स्पष्ट कानून बनाएर प्रदेशको एकल सूचीमा पर्छ यसमा किन डराउनु पर्ने हामीले यो कुरालाई पनि गहिरो ढंगबाट अध्ययन गरेर अलिकति मध्येनजरका साथ लिनु पर्छ भन्ने मलाई लाग्छ अर्को कुरा चाहि अहिले बातावरण प्रदुषणको कुराहरु छन् विश्व बातावरण प्रदुषणमा चाहि नेपाल छैटौ स्थानमा पर्दो रहेछ त्यसो भएको भएर हामीले जब यि कुराहरुमा ध्यान दिन सकेनौ जब बनजंगलको संरक्षण गर्न सकेनौ जब हामीले बातावरणीय पर्यावरणीय हिसाबले पनि सोच्न सकेनौ हाम्रो कानून बन्न सकेन हाम्रा नीति तथा कार्यक्रमले यसलाई सम्बोधन गर्न सकेन भने यसले चाहि ठुलो विकराल रुप लिन सक्ने देखिन्छ त्यसो भएको भएर यी सबै समस्याहरुलाई मध्येनजर गरेर म यो अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलमा धेरै ठुलो छलफल हुने छ विज्ञहरुको यहा सहभागिता गराएर अझ यसलाई परिस्कृत गरेर यो विधेयक आउने छ भन्ने कुराको अपेक्षा गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिमको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अस्थि मात्रै माननीय मन्त्रीज्यूले टेबुल गर्नु भयो हामी आज सामान्य छलफलमा छौ । हरियो वन नेपालको धन अझै सुदूर कैलाली भन्ने वित्तीकै सबै रेन्जर तथा डिएफुको हुरुक्क हुन्छ मन मेरो देश नेपाल हरियो वन नेपालको धन अझै सुदूर कैलाली भन्ने वित्तीकै सबै रेन्जर तथा डिएफुको हुरुक्क हुन्छ मन मेरो देश नेपाल मैले जन्मेको मेरो सुन्दर सुदूरपश्चिम नेपाल सुख शान्ति समृद्ध कहिले बन्छ सुदूर सुन्दर नेपाल ।
चुरे पहाड मासिदा रुखहरु काटिन्छन वैज्ञानिक वनको नाममा रातारात वन सखाप हुन्छ मेरो देश नेपाल चुरे पहाड मासिदा रुखहरु काटिन्छन वैज्ञानिक वनको नाममा रातारात वन सखाप हुन्छ मेरो देश नेपाल मैले जन्मेको मेरो सुन्दर सुदूरपश्चिम नेपाल सुख शान्त समृद्ध कहिले बन्छ सुदूरपश्चिम नेपाल । काठहरु छरपट देखिन्छन् बर्षौ वित्छ कुहिन्छ झ्याल ढोका आल्मोनियमको लगाइन्छ मेरो

देश नेपाल काठहरु छरपट देखिन्छन् बर्षौ वित्छ कुहिन्छ झ्याल ढोका आल्मोनियमको लगाइन्छ मेरो देश नेपाल मैले जन्मेको मेरो सुन्दर पश्चिम नेपाल सुख शान्त कहिले बन्छ मेरो सुदूरपश्चिम नेपाल । जरिबुटी प्रसस्त छन् संकलन हुदैन व्यवस्थापन छैन दलालको हातमा कौडीको भाउमा बेचिन्छ मेरो देश नेपाल जरिबुटी प्रसस्त छन् संकलन हुदैन व्यवस्थापन छैन दलालको हातमा कौडीको भाउमा बेचिन्छ मेरो देश नेपाल मैले जन्मेको मेरो सुदूरपश्चिम नेपाल सुख शान्त समृद्ध कहिले बन्छ सुदूरपश्चिम नेपाल । जंगलहरु अतिक्रमण हुदा जनावर र चराचुरुङ्गीको बास उजाड हुदा रोकथाम हुदैन बरु राजनितिक खेल हुन्छ मेरो देश नेपाल जंगलहरु अतिक्रमण हुदा जनावर र चराचुरुङ्गीको बास उजाड हुदा रोकथाम हुदैन बरु राजनितिक खेल हुन्छ मेरो देश नेपाल मेरो सुन्दर पश्चिम नेपाल सुख शान्त समृद्ध कहिले बन्छ मेरो सुदूरपश्चिम नेपाल । मान्छे मर्दा होस या पुजापाठ भोजभतेरको लागि दाउरा पाइदैन तर सालका लालहरु काठमाडौको बजार पुग्छ मेरो देश नेपाल मान्छे मर्दा होस या पुजापाठ भोजभतेरको लागि दाउरा पाइदैन तर सालका लालहरु काठमाडौको बजार पुग्छ मेरो देश नेपाल मैले जन्मेको मेरो सुन्दर पश्चिम नेपाल सुख शान्त समृद्ध कहिले बन्छ मेरो सुदूरपश्चिम नेपाल । जैविक मार्ग कहा गए गाउँ बस्ती घना भए भारतको बाघीनी नेपालको बाघको मिलन बन्द हुदा आहाराको लागि मानिस मारिन्छन मेरो देश नेपाल जैविक मार्ग कहा गए गाउँ बस्ती घना भए भारतको बाघीनी नेपालको बाघको मिलन बन्द हुदा आहाराको लागि मानिस मारिन्छन मेरो देश नेपाल मैले जन्मेको सन्दर पश्चिम नेपाल सुख शान्त समृद्ध कहिले बन्छ मेरो सुदूरपश्चिम नेपाल । माननीय सभामुख महोदय, ३ बर्ष भन्दा बढी भैसक्यो हाम्रो प्रदेश सरकारका माननीय मन्त्रीज्यूले बडा हसिलो अनुहारमा अस्थि चाहि सदनमा यो बन विधेयक चाहि टेबुल गर्नु भयो । पहिले नै हामीले गर्नु पर्थ्यो हाम्रो सरकारले गर्नु पर्थ्यो मन्त्रीले गर्नु पर्थ्यो ढीलै गर्नु भयो सबै माननीयजीहरुले धन्यवाद दिनु भयो मैले पनि धन्यवाद नदिइ चाहि अछुतो रहन सक्दैन माननीय मन्त्रीजीलाई धेरै धेरै धन्यवाद छ ढीलो भए पनि सदनमा ल्याउनु भयो छलफलको लागि यो सुदूरपश्चिम प्रदेशमा हाम्रो पूर्ववक्ता माननीयज्यूले भनिसक्नु भयो यहा ५५ देखि ५९, ६० प्रतिशत भू-भाग ओगटेको यो सुदूरपश्चिमको बनहरु छन् यत्रो जंगल हुदा पनि वन हुदा पनि सबै कुरा हुदा पनि यो सुदूरपश्चिम बासि बेहाल छौ हामी अहिले घरहरु ठुलठुला घरहरु उठाइराछन् सहरहरुमा जम्मै त्यहा आल्मुनियमका सीसाहरु लगाइराखेका छन् किन भने सहज रुपले काठहरु पाइदैन हाम्रो यत्रो जंगल भएको यत्रो राम्रो सरलक्क भएका सालका रुखहरु अघि पूर्ववक्ता माननीयज्यूले भन्नु भयो अघि पनि हाम्रो कंचनपुरतिर यतातिर रेलको डण्डी छ यो काठ लग्नको लागि मात्रै बनाइएको थियो अहिले पनि छ त्यो र त्यो भन्दा बाहेक अर्को पनि यहा त्यस्ता डण्डिहरु छन् जुन डण्डीबाट यो सुदूरपश्चिम प्रदेशबाट काठमाडौ सम्म अझै पूर्व सम्म चाहि यहाका ती सरलक्क परेका सालका काठहरु पुग्ने गर्छन त्यो हामी देख्दैनौ हाम्रो आखा जादैन हाम्रो ध्यान पुग्दैन यसरी चाहि हाम्रो सुदूरपश्चिम प्रदेशलाई अब यो सुदूरपश्चिम प्रदेशको सब भन्दा ठुलो धनको रुपमा यो प्रदेशलाई माथि उकास्ने एउटा जंगल हो बन हो यो अर्थतन्त्रमा यो प्रदेशलाई ठुलो टेवा पुर्याउन सक्ने ठुलो सम्भावना भएको हाम्रो वनलाई पनि हामीले अन्देखा गर्दैछौ अब यो कानून बन्न गैरहेको छ । यो कानून बन्दै गर्दा हामी संघीयतामा छौ माननीय सभामुख महोदय, अनि हाम्रो सुदूरपश्चिम प्रदेशको स्वायत्ततामा रहने यहाका वनहरु, जंगलहरु यहाका जडिबुटीहरुलाई केन्द्र सरकारले चाहि नियन्त्रण

गरेर चाहि आफ्नो अधिकारमा लिएर हुन्छ हुदैन प्रदेश भित्रको प्रदेशको लागि हो हामीले पाउँने यहाका उपभोग गर्ने जो फाल्टु हुन्छ जो बढी हुन्छ त्यसलाई मात्रै हामीले अर्को प्रदेश वा अर्को देशमा पठाउने हो । अब हाम्रो प्रदेशका जनताहरुले हामी पाउदैनन हामी सामान्य त सबै भुक्तभोगी छौ विवाह हुन्छ भोतभतेर हुन्छ पुजापाठ हुन्छ मान्छे मर्छ त्यहा जलाउदा खेरि काठहरु पाउदैन दाउराहरु पाउदैन तर यहाका राम्रा राम्रा काठहरु बाहिर जान्छन हेर्नुस यस्तो विडम्वना छ त्यस कारणले यो कानून चाहि यो विधेयक चाहि धेरै राम्रो विधेयक हो मानिस जीवजन्तु पशुपंक्षी देखि लिएर सबैसँग चाहि सब भन्दा नजिकको मित्र भनेको यो जंगल हो यो जंगललाई हामीले ठिक ढंगले हामीले संरक्षण गर्न सकेनौ यसलाई सम्बर्द्धन गर्न सकेनौ र यसलाई व्यवस्थापन गर्न सकेनौ भने हाम्रो यो सुदूरपश्चिम प्रदेशको जंगल नास हुन्छ त्यस पछि हाम्रा आउने पुस्ताले रुने बाहेक केही पनि हुदैन त्यस कारणले माननीय सभामुख महोदय यो कानून बन्नु भन्दा पहिले विषय विज्ञहरुलाई, सम्बन्धीत सरोकारवालाहरुलाई बोलाएर वृहत रुपमा गहिरो ढंगले छलफल गरेर प्रदेशको स्वामित्वमा हुने गरी प्रदेशले हक पाउने गरि उपभोग गर्न पाउँने गरि हामीले यो कानून बनाउनु पर्छ त्यस पछि मात्रै हामीले हाम्रो प्रदेशको भविष्यलाई हामी देख्न सक्छौ उज्जलको परिकल्पना गर्न सक्छौ होइन भने यी अहिले जुन यहा केही कुराहरु आएको छ यही अवस्थामा यही पुरानै ढर्रामा हामीले कानून बनायौ भने कानून बन्छ तर यही यो प्रदेशमा केही पनि हुनेवाला छैन त्यस कारणले म अब यसपछि यो सम्बन्धीत समितिमा त जाने नै छ त्यहा हामी मार्फत पनि हामी त्यहा छौ छलफल गर्ने नै छौ र यसलाई चाहि यो प्रदेशको अधिकार भित्र रहने गरि कानून बनाएर विधेयकलाई चाहि सच्याएर त्यस पछि मात्रै कानून बनाएर पास गर्ने छौ यही तरिका हामी सबैको सोच हुनुपर्छ भन्ने भनाइ राख्दै यो धेरै राम्रो विधेयक हो यो कानून बनेपछि हाम्रो प्रदेशमा अघि एकजना माननीयज्यूले भन्दै हुनुहुन्थ्यो एक रुपैया, डेडरुपैया, दुइ रुपैया भनिएको छ हाम्रो यहा अथाहा जडिबुटी छन् त्यसलाई हामीले संकलन गर्न सकिराखेको अवस्था छैन प्रशोधन गर्न सकिराखेको अवस्था छैन हामीले त्यसलाई व्यवस्थापन गर्न सकिराखेको छेन इण्डियाका भारतका ती ठेकेदारहरु कौडीको भाउमा लग्छन त्यस कारणले माननीय सभामुख महोदय धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदयसुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक , माननीय महेश ,माथि सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीयज्यूहरु माननीय दीर्घ सोडारीज्यू मानन ,माननीय दुर्गा कुमारी कामीज्यू ,माननीय अम्बीका थापाज्यू ,दत्त जोशीज्यूीय कृष्ण बहादुर

चौधरीज्यूलाई मेरो तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु । सैद्धान्तिक रुपमा वनको विधेयक ल्याउनका निमित्त र विधेयक माथि छलफल गरेर प्रदेश सरकारले कानून तह संविधान तह बनेको व्यवस्थालाई नेपालको संविधान २०७२ ले निर्देशित गरेको संविधानमै उल्लेखित भएको कुरा प्रदेशको राष्ट्रिय वन भित्र विभिन्न सामुदायिक वनसाझेदारी वन र निकुञ्ज बाहेकको ,नीजि वन ,कबुलियत वन , सबै वन संरक्षण र व्यवस्थापन गर्ने सदुपयोग गर्ने व्यवस्था संविधानमा प्रदत्त अधिकारलाई ऐनको को ऐनले काट्ने कुरा गरेको छ र यो अहिलेको सरक २०६७ रुपमाार प्रदेश सरकार संघीय सरकार समन्वय र सहकार्यको अस्थित्वमा चल्ने भन्ने संविधानत व्यवस्था र संघीय सरकारले ऐन ल्याइसकेपछि त्यसपछि ऐन बनाउने भन्ने कुरामा मन्त्रालय रही आएको हुनाले हामीले विधेयक ल्याउन अलि ढीला गर्यौ र पनि प्रदेश सरकारको विरुद्धमा संविधानको विरुद्धमा माथि ऐन बनिसकेपछी प्रदेश नंले मुद्दा हालेको छ र ऐनले कार्यविधी २., नियमावली बनाउन सकेको छैन र यो प्रदेश सरकारले पनि विधेयकको रुपमा लिएर कानूनी रुपमा हामीले पनि कानूनलाई अगाडी ल्याउनु पर्छ भन्ने ढंगले विधेयक प्रस्तुत गरिएको छ र यसमा महत्वपूर्ण सूजावहरु दिनु भएको छ माननीयज्यूहरुले त्यो सुझाव समेत प्रदेश सरकारको हितमा हुने गरि यहाँको प्रदेश भित्रको वनलाई संरक्षण सम्वर्द्धन गर्ने गरि र सदुपयोग पनि गर्न पाउने गरि विधेयकको रुपमा आउने छ र महत्वपूर्ण भूमिका खेल्नुहुने छ भन्ने मैले पूर्ण विश्वास गरको छु र जहासम्म अहिले रहेको यो अवस्था जंगलमा काठ रहेको छ र आल्मुनियमको ढोका बनेको छ र प्रदेश सरकारले केही पनि गर्न सकेको छैन भन्ने कुरा पनि उठिरहेको छ र यो विषयमा वन ऐन २०४९ ले केही पनि यो वनको विषयमा वैज्ञानिक वन वा के वन बनाउने भन्ने विषय ऐनमा लेखेको थिएन हामीले पनि सबैले अध्ययन गरेको कुरा हो र २०७१ सालमा वैज्ञानिक वन लागु गर्ने भनी क्याविनेटले डिसिजन निर्णय गरेर कार्यविधी बनाएर वैज्ञानिक वनको रुपमा अगाडी बढायो देशै भरी बढायो र सुदूरपश्चिम प्रदेशमा पनि त्यो खालको वैज्ञानिक वनको व्यवस्था अनुसार अगाडी बढीरहेको थियो र प्रदेश सरकारले यो कुराहरुलाई कानूनी रुपमा बनाएको छ न अंगिकार गरेको छ न समन्वय गरेको छ जे छ संघीय सरकारले गरेको निर्देशन अनुसार प्रदेशका कार्यालयहरु कर्मचारीहरुले त्यो कार्यविधी अनुसार अगाडी बढाइरहेका थिए र २ बर्ष अगाडी फेरी १ बर्ष अगाडी फेरी क्याविनेटकै डिसिनबाट वैज्ञानिक वनलाई अन्त्य गर्ने स्थगित गर्ने भन्ने कुराहरु निर्णय गरेर सबै सालको काठहरु घाटगद्दीमा थन्किएको छ सबै यहाको घर बनाउनेसरकार भवन बनाउने सबै , कुरालाई या त चोरेर बनाउनु पर्ने या त विदेशबाट ल्याउनु पर्ने या आल्मुनियमको ढोका लाउनु पर्ने अवस्थाको सृजना भएको छ यो सबै सुदूरपश्चिमेली जनताहरुका लागि भएको यो प्रदेश सरकारको मात्रै होइन यो कुराको विषयमा सबै सुदूरपश्चिमका जनताले जातिरहेका छन् बुझिरहेका छन् र यो न हाम्रो विषय थियो अहिले हामीले विधेयकमा वैज्ञानिक वन भन्ने कुरा के हो त्यो वैज्ञानिकहरुले विज्ञान सम्वत ढंगले छ कि छैन भन्ने कुरा गर्नुहोला र अर्थ विकास तथा प्राकृतिक स्रोत साधन समितिमा पनि महत्वपूर्ण माननीयजी हुनुहुन्छ र फेरी पनि विज्ञहरुसँग सल्लाह गरेर सुदूरपश्चिमको विकासको लागि यो ५९ प्रतिशत जंगल भएको ठाउँ जडिबुटी भएको क्षेत्र यसैले राजश्व ल्याउने यसैले अर्थलाई टेवा पुर्याउने यसलाई बन्दाबन्दी गर्नु पर्ने अवस्था किन आयो कसरी आयो यसलाई निरुत्साहित गर्नका लागि प्रदेश सरकार लाग्ने नै छ भन्ने हामीले आशा गरेका छौ मन्त्रालयको तर्फबाट त्यो सहयोग हुन

सक्छ । गत बर्ष मात्रै ४० करोड राजश्व उठेको यो सुदूरपश्चिम प्रदेशमा अहिले सबै घाट गद्दीमा छ त्यसो भा को हुनाले यो समस्या सरकारको हो कि आम जनताको हो यी सबै पहिचान पनि होला भन्ने आशा गरेको छु र पनि जेसुकै कुरा हुदा खेरि कानूनले निर्देशित गर्ने र कानूनबाट हामी अगाडी बढ्ने भएको हुनाले हामीले विधेयकको रुपमा प्रस्तुत गरेका छौ यति भन्दै मेरा भनाइहरु अन्त्य गर्दछु धन्यवाद नमस्कार ।

**माननीय सदस्यहरु,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई" **सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक** "लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयको १०८ को नियम २०७४ ,सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली , को खण्ड १ उपनियम(खबमोजिम सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न वनेको ( विधेयकलाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस भनी यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म ,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल चैत्र २६ गते विहीवार दिउसो १ बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।